जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ३८ २०८२ साल भदौ १६ गते सोमबार (1 Sep 2025 Monday) मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : लिम्पियाधुरा, लिपुलेख र कालापानी.. ३ पृष्ठमा : लिपुलेकलाई व्यापारिक मार्ग ... ३ पृष्ठमामोदीले ट्रम्पको नोबेल.

# महिलाको रहस्यम मृत्यु, श्रीमान र ससुरा प्रहरी नियन्त्रणमा



**दैनिक समाचारदाता**
**राजविराज, १५ भदौ ।**

सप्तरीमा दुई महिना अघिमात्र विवाह भएको एक महिलाको रहस्यम मृत्यु भएपछि प्रहरीले अनुसन्धान थालेको छ ।

महादेवा गाउँपालिका वडा नम्बर १ सोनरा टोल बस्ने दीपक यादवकी पत्नी २१ बर्षीया दीपाको शनिबार मृत्यु भएको थियो । उनको हत्याको आशंकामा प्रहरीले अनुसन्धान थालेको छ ।

दीपा बिरामी भएको भन्दै पति दीपक र ससुरा पर्शुरामले शनिबार दीपालाई उपचारका लागि गजेन्द्रनारायण सिंह अस्पताल ल्याएका थिए । तर, अस्पताल पुऱ्याए लगत्तै चिकित्सकले उनलाई मृत घोषित गरेका थिए ।

मृतक दीपाको शरीरमा चोटपटक र निलडाम देखिएको प्रहरीले जनाएको छ । घट्ना शंकास्पद देखिएको भन्दै अनुसन्धान अगाडि बढाइएको सप्तरी प्रहरी नायव उपरीक्षक जितेन्द्र कुमार बस्नेतले बताए । ‘घाँटीमा निलडगाम देखिएको छ, त्यहीं भएर हामीले अनुसन्धान अघि बढाएका छौं’ उनले भने ।

घटनाको अनुसन्धानका लागि मृतक दिपाकी श्रीमान दीपक र ससुरा पर्शुरामलाई नियन्त्रणमा लिइएको बस्नेतले बताए । माइती पक्षले दीपाको हत्या गरेको भन्दै प्रहरीमा जाहेरी समेत दिएका छन् ।

प्रहरीका अनुसार मृतकको शव पोष्टमार्टमका लागि विपि कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पठाइएको छ ।

गत ४ असारमा दीपा र दीपकको सामाजिक परम्परा अनुसार बिवाह भएको थियो । तर विवाह पछि थप दाइजो माग्दै दीपक, पर्शुरामसहितका परिवारका अन्य सदस्यले दीपालाई शारिरीक तथा मानसिक यातना दिने गरेको माइती पक्षको आरोप छ ।

दाईजोकै बिषयमा निरन्तर विवाद हुँदै आएको र सोही विवादकै कारण दीपाको उनका श्रीमान र ससुराले कुटपिट गरी हत्या गरेको माइती पक्षले दाबी गरेका छन् ।

# सहमति कार्यान्वयन नभएको भन्दै शिक्षकहरुद्वारा धर्ना




**दैनिक समाचारदाता**
**राजविराज, १५ भदौ ।**

शिक्षक महासंघ सँग सरकारले गरेको सहमतिको पूर्ण कार्यान्वयनको माग गर्दै शिक्षकहरुले आइतबार राजविराजस्थित शिक्षा विकास तथा समन्वय इकाई कार्यालय धर्ना दिएका छन् ।

जिल्लाको १८ वटै पालिकाबाट आएका सामुदायिक विद्यालयका शिक्षकहरुले दिउँसो १ बजे देखि ३ बजे सम्म दुई घण्टा धर्नामा बसेका हुन् ।

गत २०८१ चैत २० गतेदेखि एक महिनासम्म भएको आन्दोलनपछि सरकारसँग २०८२ बैशाख १७ गते ९ बुँदे सहमति अनुसार शिक्षा विधेयकलाई अगाडि बढाउनुपर्ने धर्नामा सहभागी शिक्षक संघका मधेश प्रदेश अध्यक्ष परशुराम यादवले जानकारी दिए ।

उनले सहमति अनुसार अस्थायी प्रकृतिका शिक्षकको स्थायित्वका लागि तोकिएको आन्तरिक परीक्षाको ७५ प्रतिशत नभएको, गोल्डेन हेन्डसेक अन्तर्गत दिइने रकम किटान नभएको, स्थायी शिक्षकको आवधिक बढुवाको प्रबन्ध नभएको, निबृत्तिभमरण प्रयोजनका लागि सम्पूर्ण अस्थायी अवधीको गणना नभएको, म्याद सकिएका अध्यापन अनुमति पत्रको म्याद थप्नेजस्ता बिषय नसमेटिएको कारण महासंघले विरोध गर्नु परेको बताए ।

# अनुचित दबाब र प्रभावमा नपरी आफूले काम गर्ने प्रजिअ पोखरेलको प्रतिबद्धता

**दैनिक समाचारदाता**
**राजविराज, १५ भदौ ।**




सप्तरीका नयाँ प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलले कसैको अनुचित दबाब र प्रभावमा नपरी आफूले काम गर्ने प्रतिबद्धता जनाएका छन् ।

जिल्लामा सरुवा भई आएको केही दिनपछी आइतबार आफ्नै कार्यकक्षमा संचारकर्मीहरुसित भेटघाट कार्यक्रम आयोजना गरेका उनले यस्तो कुरा बताउँदै कसैको दबाबमा दुई चार दिनमै आफ्नो सरुवा भए त्यसका लागि पनि आफू तयार रहेको स्पष्ट समेत पारे ।

“ऐन, नियम र कानुनको परिधिमा रही जिल्लामा सेवाग्राहीलाई छिटो, छरितो र सहज सेवा तथा शान्ति, सुरक्षाका लागि आवश्यक प्रबन्ध मिलाउन हरसम्भव प्रयास हुनेछ, उनले भने-सुशासनका बिरुद्ध हुने कुनै पनि प्रयासमा कसैसँग सम्झौता हुँदैन ।”

पत्रकारहरुले उजागर गर्ने बिकृती, बिसंगति, अन्याय,

*बाँकी अन्तिम पृष्ठमा*

# चुरे जंगल र वन बिनासका कारण मधेस मरभुमि बन्दै : जसपा अध्यक्ष यादव



**दैनिक समाचारदाता**
**राजविराज, १५ भदौ ।**

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले दैनिक रुपमा चुरे जंगल र वन बिनासका कारण मधेस मरभुमिमा परिणत भइरहेको बताएका छन् ।

जसपा नेपाल राजविराज नगर समितिको नवनिर्वाचित कार्यसमितको शपथ ग्रहण तथा पदस्थापन कार्यक्रममलाई आइतबार राजविराजमा सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

जलस्रोतको धनी देश नेपालमा पानीको अभाव हुनु दुर्भाग्य रहेको बताउदै उनले अध्यक्ष यादवले खेतिपातीको समयमा मधेसमा पानीको अभाव देखिनु भनेको सरकारको गैरजिम्मेवार भएको आरोप लगाए ।

“चुरे विनाशका कारण अहिले मधेसमा जलसंकट देखिएको छ, सुकुम्बासी व्यवस्थापनको नाममा भूमि विधेयक ल्याएर सरकारले मधेशलाई मरुभूमीकरण बनाउन खोजेको छ, अध्यक्ष यादवले भने-चुरे विनासका कारण मधेशमा भूमिगत पानीको सतह समाप्त हुँदै गएको छ, भूमि विधेयकले थप चुरे विनास बढाउँछ र मधेश मरुभूमिमा

*बाँकी दुई पृष्ठमा*

## बजारबाट सामाग्री खरिद गर्दा ध्यान दिनुपर्ने कुरा

क्रेता वा सामाग्री खरिदकर्ताले:

- बिल वा रसिदको विवरण ठीक छ कि छैन जाँच गरौं,
- सामानको नाम, मात्रा, मूल्य, मूल्य अभिवृद्धि कर (VAT), लगायत विवरण हेर्ने गरौं,
- बिलमा मिति, बिजक नम्बर र किनमेल गरिएको स्थान सही छ वा छैन जाँच गरौं,
- प्राप्त बिल वा रसिदलाई सुरक्षित राखौं,
- बिलमा व्यवसायको नाम, ठेगाना, फोन नम्बर र PAN नम्बर उल्लेखित भए/नभएको हेरौं,
- कुनैपनि वस्तु तथा सेवा खरिद गरेपछि बिल/बिजक माग्ने गरौं,

बिक्रेताले:

- ग्राहकलाई सामाग्री खरिद गरेको बिल अनिवार्य रुपमा दिऔं,
- बिल बमोजिमको सामान उपलब्ध गराऔं,

सामान खरिद बिक्री गर्दा बिल अनिवार्य लिने/दिने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### घरमै पुगेर सामाजिक सुरक्षा भत्ता कार्ड नवीकरण सह्रानिय कदम

राजविराज नगरपालिकाले आफ्नो सबै वडाका असक्त, बिरामी, हिडडुल गर्न नसक्ने जेष्ठ नागरिकहरुलाई घरमै गएर सासु कार्ड नविकरण गर्ने अभियान नै चलाएको छ । नेपाल सरकारले ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, विपन्न, विधवा तथा असहाय वर्गलाई दिने सामाजिक सुरक्षा भत्ता जीवनयापनमा ठूलो सहारा बनेको छ । तर, भत्ता वितरणको कार्ड नवीकरण प्रक्रियाले धेरै वृद्धवृद्धा, अशक्त, असहाय नागरिकलाई कठिनाइ बेहोर्नुपरेको छ । लामो लाइन बस्नु पर्ने, पालिका कार्यालय धाउनुपर्ने र कागजी झन्झटले गर्दा धेरैले सेवाबाट वञ्चित हुने अवस्था देखिँदै आएको छ । सोही अवस्थालाई मध्यनजर गर्दै यस्तै अवस्थामा, स्थानीय तह वा सम्बन्धित निकायले घरमै पुगेर सामाजिक सुरक्षा भत्ता कार्ड नवीकरण गर्ने पहल गर्नु निःसन्देह सहानिय कार्य हो । यसले ज्येष्ठ नागरिकलाई सघाउनुका साथै अपाङ्गता भएका र असहाय वर्गप्रति संवेदनशील शासन प्रणालीको परिचय दिन्छ । यस कार्यले ‘सेवा दिन नागरिक धाउनु पर्ने होइन, राज्य आफैं नागरिककहाँ पुग्नुपर्छ’ भन्ने जनमुखी अवधारणा व्यवहारमा उतारिएको देखिन्छ ।

यस सेवालाई निरन्तरता दिन पर्याप्त मानव संसाधन, तालिम प्राप्त कर्मचारी, मोबाइल प्रविधि र पारदर्शी प्रणालीको खाँचो छ । यदि उचित व्यवस्थापन नभए, यस किसिमको अभियान सुरुवातमै रोकिने वा असफल हुने खतरा रहन्छ । साथै, नवीकरणका क्रममा हुने सम्भावित अनियमितता, दोहोरो नाम दर्ता वा राजनीतिक हस्तक्षेपलाई पनि नियन्त्रण गर्न आवश्यक छ । यसरी घरमै पुगेर सामाजिक सुरक्षा भत्ता कार्ड नवीकरण गर्ने प्रयास प्रशंसनीय छ ।

यसलाई दीगो र प्रभावकारी बनाउन निरन्तरता, प्राविधिक प्रयोग र कडाइका साथ अनुगमन आवश्यक छ । तसर्थ राज्यले संवेदनशील नागरिकसमूहलाई सहज सेवा उपलब्ध गराउने यस प्रकारको अभ्यासलाई नियमित कार्यक्रमको रूपमा अघि बढाउन सके मात्र ‘समाज कल्याणकारी राज्य’ को आधार सुदृढ हुनेछ ।


डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# लिम्पियाधुरा, लिपुलेख र कालापानी नेपालको ऐतिहासिक, भौगोलिक र कानुनी अधिकारमा आधारित भू-भाग



प्रेमचन्द्र झा

नेपालको पश्चिमोत्तर सिमाना–लिपुलेख, कालापानी र लिम्पियाधुरा–केवल भूगोलका सीमारेखा मात्र होइनन्, यी नेपाली सार्वभौमिकताको गहिरो पहिचान हुन्। इतिहास, भूगोल, संस्कृति र कानुनी दस्तावेजहरूले निरन्तर रूपमा प्रमाणित गर्दै आएका छन् कि यी भूभाग सदियौंदेखि नेपालको अभिन्न हिस्सा रहिआएका छन्। तथापि, हालै भारत र चीनबीच भएको लिपुलेख मार्ग हुँदै व्यापार पुनःसञ्चालनको समझदारीले पुनः एकपटक नेपालको सिमाना र स्वाधीनताको विषय अन्तर्राष्ट्रिय बहसमा ल्याएको छ ।

सन् १८१६ को सुगौली सन्धिले काली नदीलाई नेपाल-भारत सिमाको आधार तोकेको छ । नेपालको दाबीअनुसार काली नदीको मूल उद्गम लिम्पियाधुरा हो, जसअनुसार लिपुलेख, कालापानी र लिम्पियाधुरा नेपालको भूभागमा पर्छन् । ईस्ट इन्डिया कम्पनी कुनै सार्वभौम राष्ट्र नभई व्यापारिक निगम थियो। यसले कुमाउ, गढ्वाल र अन्य भूभाग सामरिक बल प्रयोग गरी हरण गरेको थियो, जुन उपनिवेशवादको एक परिपाटी थियो। त्यसैले यसले तोकेको सीमा नेपालको लागि मान्य हुन सक्दैन ।

मल्ल युगमा नेपाल अधिराज्यले कुमाउ-गढ्वाल क्षेत्रसम्म प्रभाव जमाएको ऐतिहासिक तथ्यहरू छन् । मानदेव र पृथ्वीनारायण शाहका शासनमा ती क्षेत्र नेपालको प्रशासनिक नियन्त्रणमा थिए। नेपाली भाषामा लेखिएका शिलालेख गढ्वालमा भेटिनु यस तथ्यको पुष्टि हो । सन् १८०१ मा नेपाल र ब्रिटिश ईस्ट इन्डिया कम्पनीबीच भएको सन्धिले पनि कुमाउ-गढ्वाल क्षेत्र नेपालको भू-भाग रहेको स्वीकार गरेको थियो । सुगौली सन्धिपछि यी भूभाग ब्रिटिश नियन्त्रणमा गए तापनि त्यो सैन्य दबाबमा भएको थियो ।

नेपालले सन् २०२० मा संविधान संशोधन गरी लिम्पियाधुरा, लिपुलेख र कालापानी समेटिएको नयाँ नक्शा सार्वजनिक गरेको हो । यो नक्सालाई संसदले सर्वसम्मतिले पारित गर्दै नेपालको औपचारिक नीतिको रूपमा स्वीकार गरिसकेको छ । नेपालले पटक-पटक भारत र चीनलाई कूटनीतिक नोटमार्फत जानकारी गराउँदै आएको छ कि सीमा सन्धिहरू त्रिदेशीय सहमतिमा मात्र लागू हुनसक्छन् । भारत-चीनको द्विपक्षीय व्यापार सम्झौतामा नेपालको अनुमति र सहभागिता नहुनु अन्तर्राष्ट्रिय कूटनीतिक अभ्यास विपरीत हो ।

सन् २०२५ अगस्टमा भारत र चीनले लिपुलेख, शिपकी ला र नाथु ला हुँदै व्यापार पुनःसञ्चालन गर्ने निर्णय गरेका छन् । नेपालले यसलाई आफ्नो सैद्धान्तिक र भौगोलिक अधिकारमाथिको अतिक्रमण ठान्दै विरोध जनाएको छ । नेपालको परराष्ट्र मन्त्रालयले दुवै देशलाई कूटनीतिक नोट पठाएर यथास्थितिमा परिवर्तन नगर्न चेतावनी दिएको छ । भारतले नेपालका दाबीलाई ऐतिहासिक तथ्यविहीन भनेको छ, तर सीमा विवाद समाधानका लागि संवादमा तयार रहेको संकेत पनि दिएको छ ।

संयुक्त राष्ट्रसंघको चार्टरले कुनै पनि राष्ट्रको क्षेत्रीय अखण्डताको सम्मान गर्नुपर्ने प्रावधान गरेको छ । नेपालको आधिकारिक नक्शा, संविधान र ऐतिहासिक दस्तावेजहरूका आधारमा नेपालको दाबी अन्तर्राष्ट्रिय कानुनी दृष्टिले सशक्त छ । नेपालले अन्तर्राष्ट्रिय कानुनी निकायहरू, जस्तै अन्तर्राष्ट्रिय अदालत, संयुक्त राष्ट्रसंघ, वा क्षेत्रीय सहयोग संस्थाहरू मार्फत आफ्नो पक्ष प्रस्तुत गर्न सक्ने आधार छ ।

चीनले सैद्धान्तिक रूपमा नेपालको सिमाना सम्मान गर्ने बताएको भए पनि, भारतसँग द्विपक्षीय व्यापार सम्झौता गर्दा नेपाललाई अवगत नगरेको अवस्था दोहोरो चरित्र देखिएको संकेत हो । नेपालले भारत र चीन दुबैसँग उत्तरदायी व्यवहारको अपेक्षा गर्न सक्छ । लिम्पियाधुरा, कालापानी र लिपुलेख सम्बन्धी विषयमा नेपाली जनमानस अत्यन्त संवेदनशील छ । सन् २०२० जस्तै सन् २०२५ मा पनि संसद, सरकार, प्रमुख राजनीतिक दल, नागरिक समाज, र युवापुस्ता एकजुट देखिन्छन् ।

नेपालले आफ्नो भू-सम्प्रभुता, ऐतिहासिक सिमाना र कूटनीतिक स्वाधीनताको रक्षा गर्न बहुआयामिक रणनीति अवलम्बन गर्नुपर्ने देखिन्छ । तत्कालका लागि भारत र चीनलाई पुनः कूटनीतिक नोट पठाइनु आवश्यक छ, जसमा नेपालको स्पष्ट आडान प्रस्तुत होस् । संसदको अन्तर्राष्ट्रिय सम्बन्ध समितिले समेत सक्रिय भूमिका खेल्दै सरकारलाई मार्गदर्शन दिन सक्छ । साथै, अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूमा नेपाली पक्षको सत्यता प्रवाह गर्न आवश्यक छ ।

मध्यमकालमा नेपालले त्रिपक्षीय वार्ता पहल गर्नुपर्छ, जसमा भारत-चीनको सहमति बिना नेपालभित्र पर्ने भूभाग प्रयोग अमान्य हुने स्पष्ट सन्देश दिनुपर्छ । ऐतिहासिक दस्तावेज, नक्सा र प्रमाणहरूको वैज्ञानिक अध्ययनका लागि आयोग गठन गरिनुपर्छ । त्यसैगरी, सीमावर्ती क्षेत्रमा नेपाल सरकारको प्रशासनिक उपस्थिति सशक्त बनाउनु जरुरी छ– स्वास्थ्य, शिक्षा, पूर्वाधार र सुरक्षाका आधारमा ।

दीर्घकालीन रूपमा नेपालले अन्तर्राष्ट्रिय न्यायालयमा मुद्दा लैजाने विकल्पको अध्ययन गर्नुपर्छ। साथै, देशभित्र र विदेशमा ‘सिमाना चेतना’ बढाउने कार्यक्रम सञ्चालन गर्नुपर्छ । विद्यालयदेखि विश्वविद्यालयसम्म सिमाना र सार्वभौमिकता विषयक पाठ्यक्रम समावेश गर्नु दीर्घकालीन जागरुकता निर्माणको उपाय हो । विदेशस्थित नेपाली समुदाय र बौद्धिक व्यक्तित्वहरूमार्फत जन-कूटनीति सञ्चालन गर्नु पनि उत्तिकै महत्त्वपूर्ण हुनेछ ।

२०२० को सीमासम्बन्धी संवैधानिक संशोधन प्रक्रियामा देखिएको राष्ट्रिय एकता अहिले पुनः देखिएको छ । सबै प्रमुख राजनीतिक दलहरू-नेपाली कांग्रेस, एमाले, माओवादी केन्द्र–ले स्पष्ट रूपमा राष्ट्रिय हितको पक्षमा सरकारलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरिसकेका छन् । शिक्षित युवाहरू अनुसन्धान, लेख, बहस, अन्तरक्रियामा सक्रिय छन् । सरकारले यिनको पहललाई संस्थागत गर्न आवश्यक छ ।

नेपालले चीनसँग रणनीतिक सम्बन्ध राख्दै आएको भए पनि यस विषयमा स्पष्ट संवाद गर्न जरुरी छ । चीनले नेपाललाई समेटिकन त्रिपक्षीय संवादप्रति सकारात्मक संकेत दिने अपेक्षा गर्न सकिन्छ । अर्कातर्फ अमेरिका, युरोपेली संघ, राष्ट्रसंघ लगायतले अन्तर्राष्ट्रिय सीमाको सम्मान गर्ने नीतिमा विश्वास राख्दछन् । नेपालले यथोचित प्रमाण प्रस्तुत गर्न सकेमा यिनीहरूबाट नैतिक समर्थन प्राप्त गर्न सकिन्छ ।

लिम्पियाधुरा, लिपुलेख र कालापानी नेपालको ऐतिहासिक, भौगोलिक र कानुनी अधिकारमा आधारित भू-भाग हुन् । भारत-चीनको व्यापार सम्झौताले नेपालको स्वाधीनताको अवमूल्यन गर्ने जोखिम बोकेको छ । नेपालले ऐतिहासिक प्रमाण, संवैधानिक आधार, कूटनीतिक पहलकदमी, र जनएकताको माध्यमबाट आफ्नो अधिकार दृढतापूर्वक प्रस्तुत गर्नुपर्छ ।

यस सन्दर्भमा केही स्पष्ट सिफारिसहरू छन्–पहिलो, त्रिपक्षीय कूटनीतिक वार्ता पहल तुरुन्त थालिनु पर्छ । दोस्रो, सीमा सन्दर्भमा आधिकारिक ऐतिहासिक दस्तावेजहरू संकलन गर्न वैज्ञानिक आयोग गठन गरिनुपर्छ । तेस्रो, UN, ICJ, SAARC, BIMSTEC लगायत अन्तर्राष्ट्रिय मंचमा सक्रिय सहभागिता जनाउँदै नेपालको दाबी व्याख्या गर्नुपर्नेछ । चौथो, सीमावर्ती क्षेत्रमा प्रशासनिक उपस्थिति विस्तार र पूर्वाधार निर्माण आवश्यक छ । पाँचौं, शिक्षा प्रणालीमा ‘सीमा, सिमाना र संप्रभुता’ विषयमा पाठ्यक्रम समावेश गर्नुपर्नेछ ।

यी कदमहरूले मात्र नेपालको सार्वभौमिकता सुरक्षित गर्न सम्भव हुनेछ। राष्ट्रिय आत्मसम्मानको सवालमा कुनै सम्झौता हुनु हुँदैन ।

# दशैंको पूर्वसन्ध्यामा सुकिला नोट साट्ने व्यवस्था

काठमाडौँ, १५ भदौ (रासस) ।

दशैं, तिहारलगायत चाडलाई लक्ष्यित गरेर नेपाल राष्ट्र बैंकले यही भदौ २९ देखि असोज १० गतेसम्म सुकिला नोट साट्ने व्यवस्था गरेको जनाएको छ ।

बैंकको मुद्रा व्यवस्थापन विभागले थापाथलीस्थित काठमाडौँ बैंकिङ कार्यालय, राष्ट्र बैंकका प्रदेश कार्यालय र सबै बैंक तथा वित्तीय संस्थाका शाखाबाट बैंक नोट साट्न पाइने आज एक सूचना जारी गरेर जनाएको हो ।

“नेपाल राष्ट्र बैंकको मुद्रा व्यवस्थापन विभाग र प्रदेशस्थित कार्यालयहरु (विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी) बाट २०८२ भदौ २९ देखि असोज १० गतेसम्म सुकिला नोट सटही गर्न सकिनेछ”, राष्ट्र बैंकले सूचनामा भनेको छ, “साथै बैंक तथा वित्तीय संस्थाका शाखा कार्यालयहरुबाट पनि सुकिला नोट साट्ने व्यवस्था मिलाइएको छ ।”

चाडपर्वका बेला रु पाँच, १०, २०, ५० र १०० दरका नोटको माग अधिक हुने गरेको छ । चाडपर्वका बेला नै केन्द्रीय बैंकले मैला नोट खिचेर नयाँ नोट बजारमा पठाउँदै आएको छ । राष्ट्र बैंकले आर्थिक वर्ष २०६७/६८ को मौद्रिक नीति मार्फत ‘सफा नोट नीति’ सार्वजनिक गरेको थियो । आार्थिक कारोबारमा सफा नोट मात्र प्रयोग गर्ने र झुत्रा नोट बैंक तथा वित्तीय संस्थाले केन्द्रीय बैंकलाई बुझाउने गरेका छन् ।

अन्तरराष्ट्रिय बोलपत्र आह्वान गरी विदेशमा नोट छापिने हुने गरेको छ । यसो गर्दा राज्यकोषबाट धेरै खर्च हुने भएकाले नोट सफा राख्न केन्द्रीय बैंकले अनुरोध गर्दै आएको छ ।

### चुरे...

परिणत हुने निश्चित छ ।”

राजमार्ग निर्माण गरी बसोबासका नाममा चुरे क्षेत्रको अतिक्रमण गरेका कारणले भूमिगत जलस्रोतको मुख्य आधारका रूपमा रहेको चुरेको विनाश हुँदै गएको उनको भनाइ थियो ।

अध्यक्ष यादवले मुलुकको विकासको लागि सुल्टो बाटो हिंडनु पर्नेमा सरकार झन उल्टो बाटोमा हिँड्न लागेको समेत आरोप लगाए ।

मुलुकमा भ्रष्टाचार र बेथिति अन्तिम विन्दुमा पुगिसकेको उल्लेख गर्दै त्यसको अन्त्यका लागि जसपा नेपालले नयाँ आन्दोलनको सुरूवात गर्ने यादवको भनाई छ ।

# ‘लिपुलेकलाई व्यापारिक मार्ग बनाउन चीन र भारतबीचको सहमतिप्रति नेपालको आपत्ति’

**प्रकाश सिलवाल**

थियानजिन (चीन), १५ भदौ (रासस) ।

प्रधानमन्त्री केपी शर्मा ओलीले चीनका राष्ट्रपति सी चिनफिङसँगको द्विपक्षीय भेटवार्ताका क्रममा नेपाली भूमि लिपुलेकलाई व्यापारिक मार्ग बनाउन चीन र भारतबीच भएको सहमतिप्रति आपत्ति रहेको स्पष्ट गर्नुभएको छ ।

थियानजिन सहरमा आयोजना हुने शाङ्घाई सहयोग सङ्गठन (एससिओ) को शिखर सम्मेलनमा भाग लिने क्रममा शनिबार यहाँ आइपुगेलगत्तै थियानमिन स्टेट गेष्ट हाउसमा भएको भेटवार्तामा प्रधानमन्त्री ओलीले सार्वभौम नेपालको अभिन्न भूमि लिपुलेकलाई व्यापारिक मार्ग• • बनाउने विषयमा चीन र भारतबीच भएको सहमतिमा नेपालको स्पष्ट रूपमा आपत्ति रहेको कुरा राख्नुभएको भेटमा सहभागी परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राईले जानकारी दिनुभयो ।

“सन् १८१६ को सुगौली सन्धिबमोजिम महाकालीपूर्वका सबै भूभागहरू सार्वभौम मुलुक नेपालको भएको स्पष्ट छ । यस मामिलामा चीनले नेपाललाई सहयोग गर्नेछ भन्ने हाम्रो विश्वास नेपालले लिएको छ”, प्रधानमन्त्री ओलीले राष्ट्रपति सीसँग भन्नुभएको थियो, “नेपाल जसरी आफ्नो भूमि कुनै मुलुकविरुद्ध प्रयोग हुन नदिने विषयमा स्पष्ट छ, त्यसैगरी आफ्नो भूमिका विषयमा अरू मुलुकले गर्ने सहमतिमा पनि उत्तिकै असहमति व्यक्त गर्दछ ।” नेपालको उक्त भनाइको जवाफमा राष्ट्रपति सीले नेपालको अडान (दाबी) प्रति आफ्नो फरक मत नरहेको र सोबारे नेपाल र भारतबीचको छलफलबाट निष्कर्ष निस्कियोस् भन्ने चाहना राख्नुभएको परराष्ट्र सचिव राईले जानकारी दिनुभयो ।

द्विपक्षीय भेटका अवसरमा दुई देशबीचको मित्रवत् सम्बन्ध र सहकार्यका विविध क्षेत्रमा कुराकानी भई सम्बन्ध तथा सहकार्य अभिवृद्धि गर्न दुवै देशका संयन्त्र अग्रसर हुने समझदारी भएको पनि उहाँले जानकारी दिनुभयो ।

प्रधानमन्त्री ओलीको प्रधानमन्त्रीका हैसियतमा यो चौथो औपचारिक चीन भ्रमण हो भने यही अङ्ग्रेजी वर्षमा दोस्रो चीन भ्रमण हो । भेटका अवसरमा ‘बेल्ट एन्ड रोड इनिसियटिभ’ (बिआरआई) अन्तर्गतका परियोजनालाई द्रुत गति दिन र त्यसबाट नेपालको आर्थिक सामाजिक समुन्नतिमा सहयोग पुग्ने विषयमा पनि छलफल भएको प्रधानमन्त्री ओलीका आर्थिक तथा विकास सल्लाहकार डा युवराज खतिवडाले जानकारी दिनुभयो । उहाँका अनुसार दुई देशबीच थप नाका सञ्चालन गर्न चीन सकारात्मक रहेको र नेपालको निर्यात बढाउन गुणस्तरीय एवं व्यावसायिक कृषि उत्पादनमा सघाउन पनि तत्पर रहेको छ । नेपाललाई भूपरिवेष्टितबाट भूजडित बनाउने प्रधानमन्त्री ओलीको सङ्कल्पमा सघाउन पनि चीन सधैँ कटिबद्ध रहेको चिनियाँ पक्षले स्पष्ट गरेको छ ।

भेटका अवसरमा पूर्वउपप्रधानमन्त्री एवं प्रतिनिधिसभाका सदस्य पूर्णबहादुर खड्का, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्त, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे, पूर्वमन्त्री एवम् प्रधानमन्त्रीका आर्थिक तथा विकास सल्लाहकार डा खतिवडा, पूर्वमन्त्री एवम् प्रतिनिधिसभाका सदस्य छविलाल विश्वकर्मा र सचिव राई, चीनका लागि नेपाली राजदूत डा कृष्णप्रसाद ओली, नेपालका लागि चीनका राजदूत चेन सोङलगायत सहभागी हुनुहुन्थ्यो ।

भ्रमणका अवसरमा बेइजिङमा चीनका उपराष्ट्रपति हान चङसँग पनि प्रधानमन्त्री ओलीको भेट हुनेछ । साथै उहाँले शिखर सम्मेलनका क्रममा विभिन्न राष्ट्र तथा सरकार प्रमुखहरूसँग द्विपक्षीय भेटवार्ता गर्ने कार्यतालिका रहेको छ ।

# नेपाल र भारतबीच देखापरेको समस्या आपसी समझदारी गरेर मिलाउनुपर्ने हुन्छ : मन्त्री चौरसिया

पर्सा, १५ भदौ (रासस) ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले नेपाल र भारतबीच देखापरेको समस्या आपसी समझदारी गरेर मिलाउनुपर्ने बताउनुभएको छ ।

मिडिया फर बोर्डर हार्मोनी, नेपालले शनिबार यहाँ आयोजना गरेको ‘नेपाल-भारत क्रस बोर्डर मिडिया कन्क्लेभ २०२५’ मा उहाँले दुवै मुलुकबीच समन्वय र सहकार्य गरेर विवाद टुङ्ग्याउनुपर्ने बताउनुभयो । मन्त्री चौररियाले भन्नुभयो,“दुवै मुलुकबीच सदियौँदेखि सौहार्द्रपूर्ण सम्बन्ध रहँदै आइरहेको छ । कहिलेकाहीं सम्बन्धमा उतारचढाव आए पनि समझदारीमार्फत नै टुङ्ग्याउनुपर्ने हुन्छ ।”

नेपाल र भारतबीचको सम्बन्ध संसारका अन्य कुनै पनि मुलुकमा पाउन नसक्ने उहाँको भनाइ थियो । “दुवै मुलुकका जनताबीचको आत्मीय सम्बन्ध संसारको अन्य कुनै पनि मुलुकमा प्राप्त गर्न सकिँदैन । सञ्चारमाध्यमले दुवै मुलुकलाई तोड्ने नभएर जोड्नेतर्फ अग्रसर हुन जरुरी छ”, कानुनमन्त्री चौरसियाले भन्नुभयो ।

उहाँले नेपाल र भारतका नेतृत्वले दुवै देशमा भएका प्रजातान्त्रिक आन्दोलनमा महत्त्वपूर्ण सहयोग र सदासयता देखाएको उल्लेख गर्दै त्यो सम्बन्धलाई थप बलियो बनाउन वर्तमान नेतृत्वले भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो ।

मधेस प्रदेशसभा सदस्य श्याम पटेलले विगतमा नेपाल र भारतबीचको सम्बन्ध निकै सौहार्द्रपूर्ण र सरल भए पनि पछिल्लो समय संवेदनशील बन्दै गइरहेको बताउनुभयो । दुवै मुलुकबीचको सम्बन्धलाई सौहार्द्रपूर्ण बनाउनका लागि मिडियाले खोजमूलक र सत्यतथ्यमा आधारित भएर समाचार सङ्कलन तथा सम्प्रेषण गर्न जरुरी रहेको उहाँको भनाइ थियो ।

कार्यक्रममा राष्ट्रिय समाचार समिति (रासस)का कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले नेपाल र भारतबीचको सम्बन्ध जनस्तरमा सौहार्द्रपूर्ण र सदासयतापूर्ण रहँदै आएको बताउँदै मिडियाले पनि दुवै मुलुकबीचको सम्बन्धलाई अझै प्रगाढ बनाउन भूमिका

***बाँकी अन्तिम पृष्ठमा***

नेपाल सरकार

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

**भूमिसुधार तथा मालपोत कार्यालय सप्तरी**

राजविराज

प.सं. २०८२/०८३
च.नं. १०८९

मिति: २०८२/०५/१३

**विषय : ३५ दिने हकदाबी सम्बन्धि सार्बजनिक सूचना ।**

११ नं. को रैती चतुर नारायण चौधरीको नाममा दर्ता रहेको साविक प्रगन्ना मालझमुना मौजे लालपुरको तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता गरि जग्गाधनी प्रमाण-पुर्जा पाउँ भनि जिल्ला सप्तरी साविक गा.वि.स. बनौली वडा नं. २ हाल परिवर्तित खडक न.पा. वडा नं. ११ वस्ने कृष्ण चन्द्र चौधरी र बाल मुकुन्द चौधरी समेत २-जनाको यस कार्यालयमा द.नं. ६५१ मिति २०८२/०४/१२ गतेमा निवेदन परि हकदाबी सम्बन्धि सार्बजनिक सूचना प्रकाशित गर्न मिति २०८२/०५/१३ गतेमा आदेश भए बमोजिम यो ३५ दिने हकदाबी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ भने सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा उजुरी गर्नु होला । म्याद भित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| सा.कि.नं. | गा.वि.स. | वार्ड.नं. | हाल कि.नं. | जग्गा क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|
| ४०६ | बनौली | ७क | ९८ | १-४-० | चतुर नारायण चौधरी | यो जग्गा प. बनौली वडा नं. १ बस्ने राम लगन चौधरीको नम्बरी हो भनि कैफियत महलमा उल्लेख रहेको |

श्री भुपेन्द्र राई
(प्रमुख मालपोत अधिकृत)

# विश्व समाचार

## मोदीले ट्रम्पको नोबेल प्रयास अस्वीकार गर्दा भारत-अमेरिका सम्बन्धमा तनाव : रिपोर्ट

वासिङ्टन, १५ भदौ (रासस/एएनआई) ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जुन १७ मा प्रधानमन्त्री नरेन्द्र मोदीसँग भएको फोन कलका क्रममा भारत-पाकिस्तान शत्रुता अन्त्य गर्ने आधारमा आफूलाई नोबेल शान्ति पुरस्कारका लागि समर्थन गर्न अनुरोध गर्नुभएको थियो ।

तर प्रधानमन्त्री मोदीले उक्त अनुरोध अस्वीकार गर्दै ट्रम्पको दाबीलाई खारेज गर्नुभएको थियो । भारतको आधिकारिक अडान अनुसार भारत र पाकिस्तानबीच भएको युद्धविराम अमेरिकाको संलग्नताबिना दुवै देशको प्रत्यक्ष सहमतिमा तय भएको थियो । न्युयोर्क टाइम्सको रिपोर्टमा यस्तो उल्लेख गरिएको छ ।

रिपोर्ट अनुसार ट्रम्पको नोबेल पुरस्कार खोजीमा सहयोग नगर्ने मोदीको निर्णयले भारतॐ-अमेरिका सम्बन्ध बिगार्न महत्त्वपूर्ण भूमिका खेलेको हो ।

फोन कलमा ट्रम्पले सैन्य वृद्धि रोक्न पाउँदा गर्व लागेको बताउनुभएको थियो र पाकिस्तानले आफूलाई नोबेल पुरस्कारका लागि मनोनयन गर्न लागेको दाबी गर्नुभएको थियो । तर मोदीले हालको युद्धविराममा अमेरिकाको कुनै भूमिका नभएको स्पष्ट पार्नुभएको थियो ।

फोन कल भएको केही हप्तापछि अमेरिकाले भारतमाथि २५ प्रतिशत पारस्परिक भन्सार शुल्क लगाएको र रूसबाट छुटमा तेल खरिद गरेकोमा थप २५ प्रतिशत जरिवाना घोषणा गरेको थियो । यससँगै भारतमाथि कुल ५० प्रतिशत भन्सार शुल्क लागू भएको थियो ।

न्युयोर्क टाइम्समा मुजीब मशाल, टायलर पेजर र अनुप्रीता दासद्वारा तयार पारिएको यो रिपोर्ट वासिङ्टन र नयाँदिल्लीका एक दर्जनभन्दा बढी व्यक्तिसँगको गोप्य शर्तमा लिइएको अन्तर्वार्तामा आधारित छ । रिपोर्टअनुसार जुन १७ को फोन कलपछि मोदी र ट्रम्पबीच कुनै संवाद भएको छैन ।

यस वर्षको उत्तरार्धमा भारतमा हुन लागिरहेको क्वाड शिखर सम्मेलनमा पनि अमेरिकी राष्ट्रपति ट्रम्प सहभागी नहुन सक्ने सम्भावना रहेको उल्लेख छ ।

सोही फोन कलमा प्रधानमन्त्री मोदीले क्यानाडामा भएको जी-७ शिखर सम्मेलनपछि वासिङ्टन भ्रमण गर्न ट्रम्पको निमन्त्रणा अस्वीकार गर्नुभएको थियो ।

ट्रम्पले भारतीय प्रधानमन्त्री मोदी र पाकिस्तानी सेना प्रमुख असीम मुनीरबीच जबरजस्ती हात मिलाउने प्रयास गर्न सक्ने आशङ्काको कारण यो अस्वीकार भएको भनिएको छ ।

भारतका वरिष्ठ अधिकारीहरूका अनुसार, ट्रम्पले भारत-पाकिस्तान सम्बन्धको जटिलताप्रति पर्याप्त चासो देखाउनुभएको थिएन । पछि आंशिक व्यापार सम्झौतालाई अन्तिम रूप दिन अर्को संवाद गर्ने तयारी भए पनि दुई नेताबीचको विश्वास घट्दै गयो ।

भारतीय अधिकारीहरूलाई यदि कुनै सम्झौता भए पनि ट्रम्पले आफूले चाहेजस्तो कुरा सामाजिक सञ्जाल ट्रुथ सोसलमा सार्वजनिक गर्नुहुनेछ भन्ने आशङ्का थियो ।

कर वार्ताबाट निराश हुनुभएका ट्रम्पले मोदीसँग बारम्बार सम्पर्क गर्ने प्रयास गर्नुभएको थियो । तर ती प्रयासहरूको मोदीले कुनै जवाफ दिनुभएको थिएन । यद्यपि ह्वाइट हाउसका प्रवक्ताले भने रिपोर्टअनुसार ट्रम्पले सम्पर्क गरेको दाबी अस्वीकार गरेका छन् ।

## चीन-भारत सम्बन्ध पुनःस्थापनाको प्रयासमा राष्ट्रपति सी जिनपिङ र प्रधानमन्त्री मोदीबीच भेट

तियानजिन (चीन), १५ भदौ (रासस/एपी) ।

चिनियाँ राष्ट्रपति सी जिनपिङले आइतबार तियानजिनमा आयोजित क्षेत्रीय शिखर सम्मेलनको उद्घाटनअघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेट गर्नुभएको छ ।

सन् २०२० मा चीन र भारतका सैनिकहरूबीच भएको घातक सीमा झडपपछि बिग्रिएको सम्बन्धपश्चात् मोदीको यो पहिलो चीन भ्रमण हो ।

मोदी चीनद्वारा स्थापित क्षेत्रीय राजनीतिक, आर्थिक र सुरक्षा समूह साङ्घाई सहयोग सङ्गठन (एससिओ) को सदस्य राष्ट्रका हैसियतले सहभागी हुन चीन पुग्नुभएको हो ।

मोदीको भ्रमणअघि, चिनियाँ शीर्ष कूटनीतिज्ञ वाङ यी अगस्टको सुरुआतमा नयाँदिल्ली पुग्नुभएको थियो । त्यस क्रममा दुवै पक्षले सम्बन्ध सुधार्ने घोषणा गर्दै सीमा वार्ता पुनः सुरु गर्ने, भिसा सुविधा र प्रत्यक्ष उडान पुनः सुरु गर्ने वाचा गरेका थिए ।

वाङको भ्रमण अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतद्वारा रूसी तेल खरिदमा ५० प्रतिशत भन्सार शुल्क लगाउने निर्णयसँग मिल्दोजुल्दो समयमा भएको थियो । तर चीनसँगको सम्बन्ध पुनर्निर्माण गर्ने प्रक्रियामा भारत महिनौँदेखि सक्रिय रहेको बताइन्छ ।

चीन र भारतले यस वर्ष उच्चस्तरीय आधिकारिक भ्रमणहरू बढाएका छन् । दुवै पक्षले व्यापारमा रहेका केही प्रतिबन्ध हटाउने र सीमापार आवागमनबारे छलफल गरेका छन् । साथै, जुन महिनामा बेइजिङले भारतका तीर्थयात्रीहरूलाई तिब्बतका पवित्र स्थलहरूमा जाने अनुमति दिएको थियो ।

# विद्युत् आयोजनामा सहजकर्ताको भूमिका निर्वाह गर्न वन मन्त्रालयलाई निर्देशन

काठमाडौँ, १५ भदौ (रासस)।
प्रतिनिधिसभा कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिले माथिल्लो तामाकोसी जलविद्युत् आयोजनालगायत अन्य निर्माणाधीन आयोजना सम्पन्न गर्न सहजकर्ताको सक्रिय भूमिकामा प्रस्तुत हुन वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिएको छ।

समितिको आजको बैठकले जलविद्युत् आयोजनाहरूको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तथा त्यसले औँल्याएका विषयबाट उत्पन्न समस्या समाधानका निम्ति यस्तो निर्देशन दिएको हो।

समितिकी सभापति कुसुमदेवी थापाले निकुञ्ज तथा संरक्षण क्षेत्रमा पर्ने आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन भइसकेर पनि काम रोकिएको भन्दै सहजीकरणका लागि मन्त्रालयलाई निर्देशन पनि दिइएको बैठकपछि राससलाई बताउनुभयो।

बैठकमा सांसद वीरेन्द्र महतोले वातावरण संरक्षणका नाममा विकासको काम रोक्न नहुने भन्दै विकास र वातावरणबीचको सन्तुलन कायम गर्नुपर्नेमा जोड दिनुभयो।

सांसद सरस्वती सुब्बाले वातावरण संरक्षणका लागि विद्युतीय सवारीसाधन प्रवर्द्धन गर्ने नीति लिने तर वनकै कारण जलविद्युत् आयोजना अगाडि बढ्न बाधा पुग्ने कार्य हुनु उचित नभएको धारणा व्यक्त गर्नुभयो।

सांसद मीना तामाङले जलविद्युत् आयोजनालाई सहजीकरण गर्ने नाममा वातावरण विनाश गर्न नहुने बताउनुभयो।

यसैगरी, वन तथा वातावरण मन्त्रालयका सचिव राजेन्द्रप्रसाद मिश्रले लगानी र इआइए भइसकेका जलविद्युत् आयोजनाको हकमा कानुनी अड्चन फुकाउन आवश्यक भएको बताउनुभयो। उहाँले भन्नुभयो, "कुनै आयोजनाको ९५ प्रतिशत काम सम्पन्न भएर पनि पाँच प्रतिशत निकुञ्ज तथा संरक्षण क्षेत्रका कारण रोकिएको छ। विकास-निर्माणका काममा सहजीकरण गर्न हामी तयार छौँ।"

# वैशाखदेखि हालसम्म तीन हजार २ सय ८१ विपद्का घटना

काठमाडौँ, १५ भदौ (रासस)।
गत वैशाखदेखि यही भदौ १४ गतेसम्म देशभर कुल तीन हजार २८१ वटा विपद्का घटना घटेका छन्। ती घटनामा परेर दुई सय सात जनाको निधन भएको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार विपद्मा परेर २२ जना बेपत्ता भए भने सात सय ७४ जना घाइते भएका छन्। त्यसबाट पाँच हजार ९६३ परिवार प्रभावित भएका छन्।

प्राधिकरणका अनुसार सो अवधिमा घटेका विपद्का घटनामा सबैभन्दा धेरै आगलागी भएको छ। कुल एक हजार १९७ आगलागीका घटना भएका छन्। आगलागीमा परेर १५ जनाको निधन हुँदा एक सय ६५ घाइते भएका छन्।

बाढीका दुई सय ४३ घटना हुँदा २७ जनाको ज्यान गएको छभने २२ बेपत्ता र १० घाइते भएका छन्। बाढीमा परेर एक हजार ७७८ परिवार प्रभावित भएका छन्। सो अवधिमा तीन सय ६८ ठाउँमा पहिरो गएको छ। पहिरोमा परेर १८ जनाको निधन भएको छ भने २८ जना घाइते भएका छन्। पहिरोका कारण चार सय ८१ परिवार प्रभावित भएका छन्।

यस्तै, दुई सय ६६ वटा भारी वर्षाका विवरण प्राधिकरणले उपलब्ध गराएको छ। भारी वर्षाका कारण छ जनाको ज्यान जाँदा १२ घाइते भएका छन् भने सात यस ११ परिवार प्रभावित भएका छन्। कुल दुई सय ५८ चट्याङका घटना हुँदा ३१ जनाको ज्यान गएको छ। त्यसमा परेर एक सय ९३ जना घाइते भएका छन् भने तीन सय १७ घरपरिवार प्रभावित भएका छन्।

यसैगरी सर्पदंशका दुई सय ६८ घटना हुँदा ७२ जनाको ज्यान गएको छ। दुई सय दुई जना घाइते हुँदा दुई सय ७२ घरपरिवार प्रभावित भएका छन्। कुल एक सय ५८ वटा वन डढेलोको घटना हुँदा दुई जना घाइते र २७ परिवार प्रभावित भएका छन्। हुरीबतासका दुई सय ८० घटना हुँदा आठ जनाको निधन भएको छ भने ४१ जना घाइते भएका छन्। त्यसबाट पाँच सय ३६ घरपरिवार प्रभावित भएका छन्।

प्राधिकरणका अनुसार जनावर आक्रमणको घटनामा १५ जनाको निधन भएको छ। लेक लाग्नुका ४९, भूकम्प पाँच, डुङ्गा पल्टेर दुई, असिना र माहामारीका एक-एक घटना घटेका छन्। प्राधिकरणले विपद्सँग जुध्नका लागि आवश्यक सतर्कता र सावधानी अपनाउन आग्रह गर्नुका साथै आवश्यक तयारीसमेत गरेको छ।

# हैजा नियन्त्रणका लागि सामूहिक प्रयास जरुरी छ : गृहमन्त्री लेखक

पर्सा, १५ भदौ (रासस)।
गृहमन्त्री रमेश लेखकले वीरगञ्जमा हैजाको प्रकोप देखिएकाले मानवको ज्यान जोगाउनका लागि अधिकतम प्रयास गर्ने बताउनुभएको छ।

पर्साको वीरगञ्जमा हैजाको प्रकोप देखिएसँगै शनिबार राति भ्काडापखाला र हैजाका बिरामीको स्थितिबारे बुभ्कनका लागि आफू नारायणी अस्पतालमा आइपुगेको बताउनुभयो।

"अहिले हैजाको प्रकोप देखिएकाले सरकारले नागरिकको जिउज्यान जोगाउन जेजति काम गर्नुपर्ने हो। सोहीअनुसार काम गर्नका लागि तयारी अवस्थामा रहेका छौँ", उहाँले भन्नुभयो, "औषधिको कमी हुन दिनेछैनौँ। चिकित्सकको पनि कमी हुन दिनेछैनौँ।"

गृहमन्त्री लेखकले उपचारका लागि आवश्यक पर्ने नर्सिङ स्टाफ र अन्य जनशक्तिका लागि पनि आवश्यक समन्वय र सहजीकरण गर्ने बताउनुभयो। "हैजाको जुन प्रकोप देखिएको छ, सोको नियन्त्रण गर्नेतर्फ अग्रसर भइरहेका छौँ", उहाँले भन्नुभयो। अहिले सबैतिर हैजा भाइरसको विषयमा आवश्यक सहजीकरण र समन्वय गर्नका लागि सहयोगी भूमिका निर्वाह गर्नुपर्नेछ।

शनिबार राति नारायणी अस्पताल वीरगञ्जका हैजा प्रभावित बिरामी र उनीहरूका आफन्तसँग भेटघाटपछि गृहमन्त्री लेखकले अस्पतालमा भर्ना भएका बिरामी निको हुँदै गएका बताउनुभयो। "अस्पतालसँग जेजति स्रोतसाधन रहेको छ। सोहीअनुसारको उपचारकार्य भइरहेको छ", उहाँले भन्नुभयो, "अहिले हैजाका बिरामीको सङ्ख्या घट्ने क्रम छ।"

गृहमन्त्री लेखकलले अस्पतालमा उपचार गराएर फर्किने बिरामीको सङ्ख्या उल्लेखनीय रूपमा वृद्धि भइरहेको बताउनुभयो।

## नेपाल र भारतबीच ...

खेल्नुपर्नेमा जोड दिनुभयो। "नेपाल र भारतबीच जनताको सम्बन्ध मनदेखि नै हुन जरूरी देखिन्छ", उहाँले भन्नुभयो, "दुवै मुलुकका मिडियाले समाचार सङ्कलन र सम्प्रेषण मात्रै नभएर पृष्ठपोषणमा पनि ध्यान दिन आवश्यक छ। पृष्ठपोषणले मात्रै प्रभावकारी सञ्चार गराउन मद्दत पुर्‍याउनेछ।"

अग्रज पत्रकार हस्त गुरुङले नेपाल र भारतबीच 'ग्रासरुट'देखि नै आत्मीय सम्बन्ध विस्तार गर्नुपर्नेमा जोड दिनुभयो। पूर्वराजदूत विजयकान्त कर्णले नेपाल र भारतबीच राजनीतिक सीमा भए पनि जनताबीच कुनै पनि प्रकारको सीमा नरहेको धारणा राख्नुभयो।

मिडिया फर बोर्डर हार्मोनी, नेपालका अध्यक्ष अनिल तिवारीले कार्यक्रमले दुवै मुलुकका मिडियाबीच आपसी सम्बन्ध विस्तार र प्रवर्द्धनका लागि सहयोगी भूमिका निर्वाह गर्ने बताउनुभयो। मिडिया फर बोर्डर हार्मोनी, भारतका अध्यक्ष अमरेन्द्र तिवारीले सञ्चारमाध्यमले सदियौँदेखि दुई मुलुकबीचको सम्बन्धलाई सहज र प्रभावकारी ढङ्गले सम्प्रेषण गर्नुपर्ने बताउनुभयो।

मिडिया कन्क्लेभमा दुवै मुलुकका सम्पादक, सञ्चारकर्मी, सञ्चारक्षेत्रका विज्ञ, नीति निर्माता, डिजिटल कन्टेन्ट क्रियटर्सलगायत १०० जनाको सहभागिता रहेको महासचिव रितेश त्रिपाठीले जानकारी दिनुभयो।

## अनुचित...

अत्याचार लगायतका बेथितिका समाचार आफूहरुका लागि श्रोत मात्र नभई आवश्यक दिशानिर्देश तथा थप जिम्मेवार बनाउन मद्दत पुऱ्याउने बताए।

जिल्लाको शान्ति, सुरक्षा, ट्राफिक व्यवस्थापन, सीमानाकाबाट हुने चोरी तस्करी, सवारी दुर्घटना, बसपार्क संचालन, चाडपर्व लक्षित सुरक्षा लगायतका विषयमा उनले संचारकर्मीहरुसँग सुझाव समेत लिएका छन्।


दर्ता नं. ५५/०६८/०६९

जनज्योति कृषि सहकारी संस्था लिमिटेड

मुख्य कार्यालय मलेठ-९, सप्तरी

पान नं. :- ३०५११४४१७

चलानी नं. :- 62

पत्र संख्या :- २०८२/०८३

मिति :-२०८२/०५/१५

विषय :- १४ औं वार्षिक साधारणसभा सम्वन्धी जरुरी सूचना।

महोदय्

उपरोक्त विषयमा यस संस्थाको संचालक समितिको मिति २०८२/०५/१० गते बसेको बैठकको निर्णयनुसार संस्थाको १४ औं वार्षिक साधारण सभा तपसिलका मिति,समय र स्थानमा हुने भएको हुंदा उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ।

**तपसिल**

मिति :– २०८२/०६/ २५ गते शनिवार

समय :– विहान १० वजे देखि

स्थान :– संस्थाको प्रांगनमा

छलफलका विषयहरु :–

1. गणपुरक संख्याको घोषना सम्वन्धमा।
2. आ.व २०८१/०८२ को संचालक समितिको तर्फबाट प्रस्तुत अध्यक्षिय प्रतिवेदन माथि छलफल तथा पारित सम्वन्धमा।
3. आ.व.२०८२/०८३ को प्रस्तावित कार्यकम तथा बजेट माथि छलफल तथा पारित सम्वन्धमा।
4. आ.व. २०८१/०८२ को आन्तरिक लेखा परिक्षण प्रतिवेदन माथि छलफल तथा पारित सम्वन्धमा।
5. आ.व. २०८१/०८२ को वाह्य लेखा परिक्षण प्रतिवेदन माथि छलफल तथा पारित सम्वन्धमा।
6. आ.व.२०८२/०८३ को लागि लेखापरिक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण सम्वन्धमा।
7. शेयर लाभांश,संरक्षित पुंजि फिर्ता कोष तथा अन्य कोषहरु वितरण सम्वन्धमा।
8. वाह्य ऋण स्वीकार गर्ने सम्वन्धमा।
9. गैर बैकिंग सम्पति बिक्री गर्ने सम्वन्धमा।
10. आन्तिरिक नीति तथा कार्यविधिहरु संशोधन तथा स्वीकृति सम्वन्धमा।
11. संचालक समिति तथा लेखा समिति सदस्यको राजीनामा स्वीकृति तथा अनुमोदन सम्वन्धमा।
12. संचालक समिति तथा लेखा समिति सदस्यको पदपूर्ति सम्वन्धमा।
13. संचालक समिति तथा लेखा समिति सदस्यको बैठक भत्ता र अन्य सुवधिा सम्वन्धमा।
14. सहकारी एकीकरण सम्वन्धमा।
15. शेयर सदस्यहरुबाट प्राप्त सुझाव सम्वन्धमा।
16. जनज्योति खाध्द उधोगको ऋण (सदयको दायित्व मिन्हा) सम्वन्धमा।
17. निर्णय पुस्तिका प्रमाणित गर्ने प्रतिनिधि चयन सम्वन्धमा।
18. विनियम पुनरलेखन सम्वन्धमा।

भवदिय

संचालक समितीको आज्ञाले
मनोज कुमार यादव
व्यवस्थापक



भर्ना खुल्यो

गुणस्तरीय शिक्षाप्रति प्रतिबद्ध

युनिभर्सल कलेज

RAJBIRAJ UNIVERSAL ACADEMY

राजविराज,८, पुलचोक, सप्तरी

+2

विज्ञान

व्यवस्थापन

शिक्षाशास्त्र

मानविकी

For More Information Contact :

Contact : 031-590366, 9842820071, 9805928831


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*